कञ्चन गाउँपालिका
Kanchan Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
कञ्चन ३, रुपन्देही / Kanchan-2, Rupandehi
Lumbini Provience, Nepal

पत्र संख्या / Ref. No. : - २०८२-०८३

चलानी नम्वर/ Dispatch No. : ५१८

मिति २०८२/१०/१८

श्री सम्पूर्ण संस्थागत विद्यालय,

कञ्चन गाउँपालिका, रुपन्देही ।

**विषयः विवरण उपलब्ध गराउने सम्बन्धमा ।**

प्रस्तुत विषय सम्बन्धमा **अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५** तथा प्रचलित **शिक्षा ऐन तथा नियमावली** बमोजिम संस्थागत विद्यालयहरूले प्रत्येक शैक्षिक सत्रमा अनिवार्य रूपमा छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको व्यहोरा विदितै छ। यस सन्दर्भमा, कञ्चन गाउँपालिका भित्र संचालनमा रहेका संस्थागत विद्यालयहरूले चालु शैक्षिक सत्रमा **छात्रवृत्ति उपलब्ध गराइएको/नगराइएको अवस्था,** छात्रवृत्ति प्राप्त गर्ने **विद्यार्थीको संख्यात्मक विवरण,** तथा **कुल विद्यार्थीको कति प्रतिशत छात्रवृत्ति उपलब्ध गराइएको हो** भन्ने विवरण यस गाउँपालिकाको अभिलेख प्रयोजनका लागि आवश्यक भएकोले तपसिल बमोजिमको तालिकामा विवरण भरी यस कार्यालयमा उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ।

तपसिल

| क्र.सं. | विवरण | संख्या/ अवस्था |
|---|---|---|
| १ | चालु शैक्षिक सत्रको कुल विद्यार्थी संख्या | |
| २ | छात्रवृत्ती प्राप्त गर्ने विद्यार्थी संख्या | |
| ३ | कुल विद्यार्थीको प्रतिशतमा छात्रवृत्ती (%) | |
| ४ | छात्रवृत्ती उपलब्ध गराइएको हो/होइन | |
| ५ | छात्रवृत्ती नदिइएको भए सोको कारण | |

उक्त विवरण यो पत्र प्राप्त भएको मिति**ले ३ (तीन) दिनभित्र** अनिवार्य रूपमा यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ।

२०८२/१०/१८

माधव प्रसाद पोखेल

प्रमुख प्रशासकीय अधिकृत

माधव प्रसाद पोखेल
प्रमुख प्रशासकीय अधिकृत

E-mail:-kanchangaupalika@gmail.com, info@kanchanmun.gov.n
Website:-ww.kanchanmun.gov.np